नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
(.....अनुमतिपत्र महाशाखा.....)

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्सः ४५३९९०३
पोस्ट बक्स नं.: २५००७
सानोगौचरण,काठमाडौं, नेपाल

पत्र संख्याः- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- ५२१

मितिः २०८२/०८/२९

विषयः सानी भेरी-३ देखि बफिकोट १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री सानी भेरी हाइड्रोपावर कम्पनी प्रा. लि.,
बुढानिलकण्ठ, काठमाडौं।
सम्पर्क इमेलः sanibherihydro46@gmail.com

उपरोक्त सम्बन्धमा तँहाबाट सानी भेरी-३ देखि बफिकोट १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि पेश गरेको दरखास्त उपर कारबाही हुँदा तपशिल बमोजिमका नपुग कागजात/विवरणहरु ३५(पैतिस) दिनभित्र पेश गर्नुहुन विभागको मिति २०८२/०८/२८ गतेको निर्णयानुसार अनुरोध छ।

तपशिलः

१. विद्युत नियमावली २०५० को नियम ५ अनुसूची ३ बमोजिमको ढाँचामा दरखास्त।
२. प्रवर्द्धक कम्पनीको कम्पनी दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, प्रबन्धपत्र तथा नियमावली र अघिल्लो आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
३. प्रवर्द्धक कम्पनीको उद्योग दर्ता प्रमाणपत्र, अद्यावधिक शेयर लगत तथा सञ्चालक लगतको अभिलेखको प्रमाणित प्रतिलिपि।
४. प्रस्तावित १३२ के.भी. विद्युत प्रसारण लाइनको १.५ किलोमिटर क्षेत्रभित्रका विद्युत सम्बन्धि अन्य संरचनाहरु भए नभएको विवरण। यदि तेस्तो कुनै संरचना भए त्यो समेतको विवरण।
५. नापी विभागद्वारा प्रकाशित १:२५००० वा १:५०००० स्केलको स्थलरुप नक्शामा *आयोजनाको विस्तृत विवरण सहितको* (Sending end and receiving end ) प्रस्तावित मुख्य र बैकल्पिक लाईन समेत देखिने गरी रेखांकन गरिएको Route Alignment।
६. प्रवर्द्धक कम्पनीको विद्युत प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्रको लागि विभागमा निवेदन गर्ने आशयको सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना र अख्तियारीनामा प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. सहितको विवरण।
७. प्रस्तावित १३२ के.भी. विद्युत प्रसारण लाइन राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा पर्ने/नपर्ने तथ्यको विवरण।
८. नेपाल विद्युत प्राधिकरण र प्रवर्द्धक बीच भएको सानी भेरी-३ जल विद्युत आयोजनाको (४७.७२ मे.वा.) बाट उत्पादन हुने विद्युत खरिद विक्रि सम्झौतापत्र (PPA) तथा Grid Connection Agreement को प्रमाणित प्रतिलिपि।
९. सानी भेरी-३ जलविद्युत आयोजनाको वहाल रहेको विद्युत सर्वेक्षण/उत्पादन अनुमतिपत्रको प्रतिलिपि।
१०.प्रवर्द्धक श्री सानी भेरी हाइड्रोपावर कम्पनी प्रा. लि. यस आयोजनाको सर्वेक्षण कार्य आफै गर्ने वा परामर्शदातृसंस्थाबाट गर्ने सो को विवरण सहित यदि परामर्शदातृसंस्थाबाट गर्ने भए प्रबर्द्धक र परामर्शदातृ संस्था विच भएको सम्झौताको प्रमाणित प्रतिलिपि।
११.परामर्शदातृ संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, प्रबन्धपत्र र नियमावली को प्रमाणित प्रतिलिपि।

२०८२/०८/२९
.....................
(सावित्री धमाला)
इलेक्ट्रिकल इन्जिनियर